कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
कञ्चन-२, रुपन्देही
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या / Ref No :- २०८०/८१

चलानी नं. / Dispatch No.:- —

# म्याद थप गर्ने सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति:२०८०/०८/२६)

कञ्चन गाउँपालिकाको मिति २०८०/०८/२६ गतेको निर्णय अनुसार कञ्चन गाउँपालिकामा सेवा प्रदान गर्ने गरी देहायका पदहरु करार सेवाद्धारा पदपूर्तिका लागि मिति २०८०/०८/१२ गते प्रकाशित सूचना बमोजिम नगर प्रहरी हवल्दार र नगर प्रहरी सिपाही पदमा पदपूर्तिका लागि आवेदन दिने म्याद मिति २०८०/०८/२६ गतेसम्म रहेकोमा २०८०/०९/०२ गतेसम्म थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। आवश्यक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले दोस्रो पटक प्रकाशित सूचनाको ७ (सात) दिनभित्र माग बमोजिमका विवरण सहित कार्यालय समयभित्र गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। कागजातहरु संलग्न नभई पेश हुन आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद | जम्मा माग संख्या |
|---|---|---|---|
| १ | ३-२०८०/०८१ | नगर प्रहरी हवल्दार | १ (एक) |
| २ | ४-२०८०/०८१ | नगर प्रहरी सिपाही | ४ (चार) |

१. **योग्यता तथा उमेर हद**

**क. नगर प्रहरी हवल्दारको हकमा :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १२ वा सो सरह उत्तीर्ण, भूतपूर्व सैनिक, प्रहरी अथवा सुरक्षा निकायमा कम्तीमा ५ वर्ष सेवा गरेको हुनुपर्ने, १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**ख. प्रहरी जवानको हकमा :** मान्यताप्राप्त शिक्षण संस्थाबाट कक्षा १० वा सो सरह उत्तीर्ण गरेको, १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको (वहालवाला नगर प्रहरी वा सेवा परिवर्तन गरी आउने कर्मचारी वा पूर्व लडाकु वा पूर्व सुरक्षाकर्मी वा पूर्व म्यादी प्रहरीको हकमा ३५ वर्ष ननाघेको)

२. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउने स्थान:**कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी रुपन्देही वा कार्यालयको वेवसाईट:www.kanchanmun.gov.np बाट प्राप्त गर्न सकिनेछ र दरखास्त फाराम कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी रुपन्देहीमा बुझाउनु पर्नेछ।

३. **प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको।**

४. **दरखास्त दस्तुर:** प्रहरी हवल्दारका लागि रु.७००/- र प्रहरी जवानका लागि रु. ५००/-

५. **दरखास्त बुझाउने अन्तिम मिति:** २०८०/०९/०२ गते दिनको २:०० बजेभित्र।

६. **आवेदन साथ संलग्न कागजातहरु:-** आवेदन स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु,

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दस्तुर बुझाएको रसिद
- तालिमको प्रमाण पत्र
- अनुभवको प्रमाण पत्र
- ३ प्रति पासपोर्ट फोटो हालसालै खिचेको

७. **करार अवधी:-**२०८१ असार मसान्त सम्मं

८. **छनोट प्रकृया:** स्वास्थ्य परीक्षण, शारीरिक तन्दुरूस्ती परीक्षण, प्रारम्भिक योग्यता सूचि प्रकाशन र अन्तर्वार्ता

९. परीक्षा कार्यक्रमहरूको मिति पछि प्रकाशन गरिनेछ

१०. **सेवा सुविधा:** कार्यपालिकाको निर्णयानुसार।

०८०/८/२६
सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत